ISO 9001 : 2015 Certified Capital

idea to IPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
# चैत्र ११, २०७८

**“एन आइ सी एशिया क्यापिटलको पूँजी बजार साक्षरता सम्बन्धी कार्यक्रम भरतपुरमा सम्पन्न ।**



एन आइ सी एशिया क्यापिटल लिमिटेडले आफ्नो स्थापनाकालदेखि नै संस्थागन सामजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ । सोही कार्यलाई निरन्तरता दिने क्रममा बाग्मती प्रदेश अन्तर्गत हाकिम चोक, भरतपुर, चितवनमा दोश्रो प्रदेश स्तिरीय पूँजी बजार साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा क्यापिटलका उच्च तहका अधिकारीहरुले डिम्याट खाता, प्रथामिक शेयर, धितोपत्रको दोश्रो बजार, मुद्रा बजार उपकरणहरु, सामूहिक लगानी कोष, दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गर्दा कहिले कसरी लगानी गर्ने तथा लगानी सम्बन्धी निर्णय लिदाँ ध्यान दिनुपर्ने कुराहरु लगायत समग्र पूँजी बजारको पछिल्लो अवस्थाको सम्बन्धमा बिस्तृत जानकारी तथा छलफल गरिएको थियो । मर्चेण्ट बैंकहरु उपत्यका केन्द्रित रहेको र काठमाण्डौ उपत्यका बाहिरबाट मर्चेण्ट बैंकहरुले प्रदान गर्ने सेवा प्राप्त गर्न निकै असहज भएको जनगुनासो बारम्बार आउने गरेको हुँदा उपत्यका बाहिरबाट कसरी मर्चेण्ट बैंकहरुले उपलब्ध गराएको सेवा लिन सकिन्छ र नयाँ लगानीकर्ताहरुलाई सहज रुपमा पूँजबारमा आबद्ध भई सुरक्षित रुपमा शेयर कारोबार गर्न सकुन भन्ने मुख्य उद्देश्यका साथ उक्त साक्षरता कार्यक्रम आयोजना गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

उक्त कार्यक्रममा ९० जना भन्दा बढी लगानीकर्ताहरुको सहभागिता रहेको थियो भने क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सहित उच्च व्यवस्थापन तहाका कर्मचारीहरुको उपस्थिती रहेको थियो । क्यापिटलले आगामी दिनमा सोही प्रकृतिको साक्षरता कार्यक्रम अन्य प्रदेशहरुमा समेत गर्ने व्यहोरा जानकारी गराईन्छ ।

Ramendra

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य